# बुद्धशान्ति राजपत्र

## बुद्धशान्ति गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः ७ | संख्याः १० | प्रकाशन मितिः २०८०।०८।१७ |
|---|---|---|
| कार्यपालिकाबाट स्वीकृतः २०८०।०८।१३ | | |


## भाग-२

### बुद्धशान्ति गाउँपालिका

### सम्बत २०८० सालको कार्यविधि नं. १०

## बुद्धशान्ति गाउँपालिकाको बजार संचालन तथा व्यवस्थापन कार्यविधि २०८०

**प्रस्तावनाः** बुद्धशान्ति गाउँपालिका क्षेत्र भित्र स्थापित भई संचालनमा रहेका बजार क्षेत्र र स्थानीय कृषि व्यवसायको प्रवर्द्धन र व्यवस्थापन गर्न एवम् व्यवसायी बीच आपसी सम्बन्ध सुदृढ वनाइ तथा करारको माध्यमबाट व्यवसाय गर्न बजार उन्मुख क्षेत्रका बजार व्यवस्थापन समिति (संचालन तथा गठन) गर्न वान्छनीय भएकाले बुद्धशान्ति गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी बुद्धशान्ति गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बुद्धशान्ति गाउँपालिकाको बजार संचालन तथा व्यवस्थापन कार्यविधि २०८०" रहने छ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

(क) "अध्यक्ष" भन्नाले बुद्धशान्ति गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ख) "बजार" भन्नाले व्यवस्थित तथा स्थायी रुपमा सेवा तथा वस्तुहरुको कारोवार गर्ने दर्तावाला व्यवसाय गर्ने क्षेत्र सम्झनु पर्छ।

(ग) "हाट बजार " भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्धेश्यले साप्ताहिक वा नियमित संचालन हुने बजारलाई सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले बुद्धशान्ति गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ङ) "व्यवसायी" भन्नाले नियमित वा अस्थाई रुपमा समान बेचविखन गर्ने व्यक्ति वा संघ संस्थालाई जनाउँछ।

(च) "वडा" भन्नाले बुद्धशान्ति गाउँपालिका अन्गर्गतको कुनै वडा सम्झनुपर्छ।

(छ) "समिति" भन्नाले यस कार्यविधिको दफा ५ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ।

## परिच्छेद २

## बजार सम्बन्धी व्यवस्था

**३. बजारको स्थापनाः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कुनै पनि स्थानमा स्थायी वा अस्थायी बजार स्थापना र व्यवस्थापन गर्न सक्नेछ।

२. कृषि सहकारी वा कृषि सम्बन्धी व्यवसायीक संस्थाले गाउँपालिकाले तोकेको क्षेत्र भन्दा बाहिर कृषि बजार वा कृषि कारोवार गर्न चाहेमा गाउँपालिकाको सिफारिसमा कृषि बजारको स्थापना गर्न सक्नेछ।

**४. बजारको वर्गीकरणः** (१) दफा ३ बमोजिम स्थापना हुने बजारको वर्गीकरण देहाय बमोजिमको हुनेछः-

(क) थोक बजार,

(ख) खुद्रा बजार,

(ग) हाट बजार,

(घ) संकलन केन्द्र।

(२) ) गाउँपालिकाले भवन, सटर वा टहरा जस्ता स्थायी वा अस्थायी संरचना निर्माण गरि उपदफा (१) वमोजिमको वजार सञ्चालन गर्न सक्नेछ।

(३) गाउँपालिकाले सभाले तोकेको दरमा त्यस्तो भवन, सटर वा टहराको वहाल विटौरी कर उठाउन सक्नेछ।

(४) बजार सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**५. स्थानीय बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्वन्धी व्यवस्थाः** (१) यस कार्यविधिको दफा (३) बमोजिम स्थापना भएको बजारको सञ्चालन तथा व्यवस्थापन गर्न ७ देखि ११ सदस्यीय बजार सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(२) सम्वन्धित वडाले स्थानीय राजनीतिक दलका प्रतिनिधि, सामाजिक संघसंस्थाका प्रतिनिधि तथा सम्वन्धित सरोकारवालाहरुको भेला गरी सर्वसम्मत रुपले बजार व्यवस्थापन समिति गठन गर्नुपर्नेछ।

(३) सर्वसम्मत समिति गठनको लागि २ पटक सम्म वोलाइएको भेलाले सर्वसम्मत समिति गठन गर्न नसकेको अवस्थामा सम्वन्धित क्षेत्रका दर्तावाल व्यवसायीहरुले आफुहरुमध्येबाट दोश्रो भेला वसेको मितिबाट एक महिना भित्र निर्वाचनको माध्यमबाट बजार सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्नु पर्नेछ।

(४) उपदफा (३) वमोजिम तोकिएको समयभित्र समिति गठन हुन नसकेमा कार्यपालिकाले बजार व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

(५) उपदफा (१) वमोजिमको समितिमा सम्बन्धित बजार क्षेत्र रहेको वडा समितिले मनोनित गरेको एक जना सदस्य स्थानीय उद्योग वाणिज्य संघका अध्यक्ष वा निजले मनोनयन गरेको संघका एक जना गरी जम्मा दुई जना प्रतिनिधि पदेन सदस्य रहनेछन। समितिले आवश्यकता महसुस गरेमा कुनै व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) उपदफा (१) वमोजिमको समितिको अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कम्तीमा कुनै एक पदमा महिला सहित कुल सदस्य संख्याको ३३% महिला हुनु पर्नेछ।

(७) समितिको कार्यकाल ३ (तीन) बर्षको हुनेछ।

(८) समितिले आवश्यकता अनुसार उप समिति गठन गर्न सक्नेछ।

(९) समितिको कार्यालय सम्बन्धित बजार क्षेत्रमा नै रहनेछ।

(१०) समितिको बैठक सामान्यतया महिनामा एकपटक बस्नेछ। बैठक अध्यक्षको आदेशले सचिवले बोलाउनेछ। अध्यक्षले आवश्यकता महसुस गरेमा समितिको बैठक जुनसुकै समयमा पनि बोलाउन सक्नेछ।

(११) समितिले यस कार्यविधि विपरित काम गरेको पाइएमा सम्वन्धित वडा समितिको सिफारिसमा कार्यपालिकाले समिति विघटन वा खारेजी गर्न सक्नेछ।

(१२) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. **समितिको काम कर्तव्य र अधिकार:** (१) यस कार्यविधिमा अन्यत्र व्यवस्था भए देखि बाहेक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) स्थानीय स्तरमा व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,

(ख) व्यवसाय प्रवर्द्धन गर्न गाउँपालिकासँग समन्वय र सहकार्य गर्ने,

(ग) व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा चेतनामूलक कार्यक्रम तर्जुमा र संचालन गर्ने।

(घ) व्यवसायको प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्थापन गर्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने,

(ङ) कार्यक्रम संचालन गर्न श्रोतको व्यवस्थापन गर्ने।

(च) बजार भएको सम्वन्धित वडाको समन्वयमा चौहद्दी तोकी नक्साङकन गर्ने।

(छ) व्यवसायको प्रकृति हेरी व्यवसायको बर्गीकरण गर्ने।

(ज) बजार क्षेत्रमा उत्पन्न विवादको स्थानीय स्तरमा मेलमिलापको माध्यमबाट समाधान गर्ने।

(झ) बजार क्षेत्रभित्र सडक वत्ति, सार्वजनिक धारा र सार्वजनिक शौचालयको व्यवस्थापन गर्ने।

(ञ) हाटबजार क्षेत्रबाट निस्किने फोहोर गाउँपालिकाको सहयोगमा व्यवस्थापन गर्ने।

(ट) व्यवसायीहरुलाई कानून वमोजिम व्यवसाय दर्ता तथा नविकरण गर्न र कर तिर्न उत्प्रेरित गर्ने।

(ठ) प्रचलित ऐन कानून तथा निर्देशिकाले तोकेको मापदण्ड पालना नगर्ने व्यवसायी उपर आवश्यक कारबाहीका लागि सिफारिस गर्ने।

(ड) बजार व्यवस्थापनमा प्रभावकारिता ल्याउन विषयगत उपसमितिको गठन गर्ने।

(ढ) कार्यपालिकाले समय समयमा तोकि दिएका अन्य कार्यहरु।

(२) समितिको बैठकले आफ्ना पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ।

(३) समितिले उपदफा (१) वमोजिमका काम कर्तव्य पुरा गर्न एवम् समितिको प्रशासनिक खर्चको व्यवस्थापन गर्न वजार क्षेत्रका व्यवसायीहरुबाट मासिक व्यवस्थापन शुल्क उठाउन सक्नेछ।

## परिच्छेद ३

## आर्थिक कार्य सञ्चालन सम्वन्धी व्यवस्था

७. **समितिको कोष सम्वन्धी व्यवस्था:** (१) समितिले दफा ६ बमोजिमको कार्य सञ्चालन गर्न समितिको नाममा एक कोष रहनेछ।

(२) उपदफा (१) वमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछः

(क) व्यवसायीहरुबाट प्राप्त शुल्क तथा दस्तुर वापतको रकम,

(ख) विभिन्न सरकारी तथा गैह्रसरकारी संघसंस्थाबाट प्राप्त अनुदान रकम,

(ग) संघ, प्रदेश र स्थानिय तहबाट प्राप्त अनुदान रकम,

(घ) विभिन्न व्यक्तिबाट प्राप्त अनुदान

(ङ) विभिन्न संघसंस्था तथा व्यक्तिबाट प्राप्त दान, दातव्य तथा उपहार,

(च) समिति आफैले सञ्चालन गरेका विविध कार्यक्रमबाट प्राप्त रकम।

(३) समितिको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकमा एक बैंक खाता खोल्नु पर्नेछ । त्यस्तो बैंक खाताको सञ्चालन समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(४) समितिको प्रत्येक आर्थिक कारोबार बैंक खाता मार्फत गर्नु पर्नेछ।

(५) समितिको आर्थिक कारोवारको हिसाव राख्ने, लेखा परीक्षण गराउने दायित्व संयुक्त रुपमा सचिव र कोषाध्यक्षको हुनेछ।

(६) समितिले आर्थिक वर्ष समाप्त भएको वढीमा छ महिना भित्र आर्थिक कारोवारको लेखापरीक्षण गराई सोको प्रतिवेदन सार्वजनिक गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ।

समितिको आर्थिक कारोवारको लेखा परीक्षण दर्तावाल लेखापरीक्षकबाट गराउनु पर्नेछ । आवश्यक परेमा समितिको अनुरोधमा गाउँपालिकाले कार्यालयको आन्तरिक लेखापरीक्षकबाट समितिको आर्थिक कारोवारको लेखा परीक्षण गर्न सक्नेछ।

## परिच्छेद-४

## व्यवसायीको कर्तव्य

८. होटेल, रेष्टुराँ तथा मिठाई पसल, डेरी र खाद्य किरानासामान विक्री गर्ने सञ्चालक र गाउँवासीको कर्तव्य :

(१) होटेल तथा रेष्टुराँ सन्चालकको देहाय बमोजिमको कर्तव्य हुनेछः

(क) बासी सडेगलेका तथा झिंगा भन्नेका खानेकुरा वा स्वास्थ्यको लागि हानिकारक भनी प्रमाणित रङ, रसायन, म्याद नाघेका औषधि वा खाद्य बस्तु वा अन्य कुनै खाद्य वस्तु प्रयोग गरिएको खानेकुरा, बासी सडेगलेको झिंगा भन्केका बासी माछा मासु, रोग लागि मरेका पशुपंक्षीको माछामासु बिक्री वितरण नगर्ने।

(ख) होटेल तथा व्यबसायमा वालश्रमलाई पूर्णरुपमा निस्तेज वनाउने ।

(ग) होटेल, रेष्टुराँ तथा मिठाई पसल, डेरी, आईसक्रिम, चना चटपट, पानीपुरी, बरफ आदि समेत र सडकमा विक्री गर्ने व्यवसायीले ग्राहकलाई स्वच्छ र शुद्ध खानेकुरा मात्र विक्री वितरण गर्ने।

(घ) ग्राहकलाई आफूले सक्दो सुरक्षा वा हेर विचार गर्ने, गराउने।

(ङ) मदिरा बेच्दा वा खुवाउँदा शान्ति सुरक्षाको ख्याल गर्ने।

(च) होटेल लजमा आएका ग्राहकको नाम, नागरिकता, पेशा, आएको मिति र ठेगाना समेतको विवरण लेखाउने।

(छ) होटल तथा रेष्टुराहरुमा फिल्टर गरेको वा स्वच्छ पिउने पानीको व्यवस्था गर्ने।

(ज) १८ वर्ष मुनिका बालकलाई सुर्ति, चुरोट, गुट्का पान पुकार विक्री वितरण नगर्ने।

(झ) कुनै पनि होटेल वा पसलले १८ वर्ष मुनिका वालवालिका र मदिराले मातिसकेका व्यक्तिलाई मदिरा विक्री नगर्ने/नखुवाउने।

(ञ) होटल तथा रेष्टुराहरुको भुइँ र भान्सा कोठा तथा सोमा काम गर्ने व्यक्तिहरु सफासुग्घर राख्नुपर्ने।

(ट) पसल अगाडीको आँगन, फुटपाथ अतिक्रमण गरी धुलो धुवाँ हुने गरि खानेकुरा नपकाउने।

(ठ) घातक सरुवा रोग लागेको व्यक्तिलाई काममा नलगाउने।

(ड) खानेकुरालाई राम्रोसँग छोपेर वा जाली भएको दराजमा बन्द गरि राख्ने।

(ढ) होटल तथा रेष्टुरामा शौचालयको समुचित प्रवन्ध गर्ने।

(ण) पसल अगाडीको आँगन, फुटपाथ तथा नाला सफा राख्ने। त्यस्तो ठाउँमा निर्माण सामाग्री नराख्ने।

(त) १८ बर्ष भन्दा मुनिका बालबालिकाहरुलाई श्रममा प्रयोग नगर्ने।

(थ) पसलहरु गाउँपालिका वा स्थानीय प्रशासनबाट तोकिएको समय सम्म मात्र खुल्ला राख्ने।

(द) पसलमा बिक्रि गरिने वस्तुहरुको मुल्य सुची र गाउँपालिकाबाट प्राप्त दर्ता प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्ने।

(ध) फ्रेस हाउस सञ्चालन गर्दा तोकिएको मापदण्ड पुरा गरी संचालन गर्ने।

(न) छिमेकमा दुर्गन्ध आउने गरी फुटपाथमा वा अन्य स्थानमा जिँउदो वा मरेको माछा तथा कुखुरा नराख्ने।

(प) बजार क्षेत्रको सडक आवागमनमा असर पर्ने गरी निर्माण सामग्री नराख्ने।

९. **सडक तथा फुटपाथअबरोध गर्न नपाईनेः** मुख्य बजार क्षेत्रमा रहेको सडक तथा फुटपाथमा कुनै पनि प्रकारले अवरोध हुने गरि विक्री वितरण गर्ने, सामान झुण्ड्याउने, पाली गाँस्ने, स्ट्यान्डबोर्ड, साईकल मोटर साईकल पार्किङ्ग, साइकल मोटरसाईकल मर्मत गर्ने काम, ठेला, डोका, नाङ्गलो वा भुँइमा तरकारी, फलफूल वा अन्य व्यापारिक सामान राखेर बेचविखन गर्न पाइने छैन।

१०. **कवाडी, फलफूल, तरकारी तथा माछामासु बजारः** (१) समितिले तोकिदिएको स्थानमा मात्र तरकारी तथा फलफूल र माछामासु व्यापार गर्न पाइनेछ।

(२) गाउँपालिकाबाट तोकिएको स्थानमा मात्र कवाडी राख्न पाइनेछ।

(३) छर छिमेकलाई असर पर्ने गरी टायर तथा अरु कवाडी थुपार्न र जलाउन पाईने छैन।

११. **सवारी साधन पार्किङ्गः** (१) गाउँपालिकाले निर्धारण गरेको मापदण्ड विपरित कुनै पनि सवारी साधन पार्किङ्ग गर्न पाइनेछैन।

(२) गाउँपालिकाले निर्धारण गरेको स्थान बाहेक अन्यत्र ठेलागाढाबाट व्यापार गर्न पाइनेछैन।

(३)

१२. **ग्यारेज तथा अटोमोबाईल मर्मत केन्द्रः** (१) गाउँपालिकाले निर्धारण गरेको स्थानमा मात्र गाडी तथा यन्त्र मर्मत केन्द्र संचालन गर्न पाईनेछ।

(२) पेट्रोलपम्पमा तोकिएको मापदण्ड अनुसार टायर मर्मत केन्द्र संचालन गर्न पाइनेछ।

(३) पेट्रोलपम्प संचालन गर्ने अनुमतिमा तोकिएको मापदण्ड अनुसार सार्वजनिक शौचालय संचालन भएको हुनु पर्नेछ।

१३. **प्लाष्टिक तथा थर्मकोलबाट बनेका गिलास वा अन्य चिजवस्तुको प्रयोगः** (१) गाउँपालिकाले निर्धारण गरेको मापदण्ड विपरित नसड्ने खालका प्लाष्टिक वा थर्मकोलबाट बनेका गिलास, कप, चम्चा, प्लेट विक्री वितरण वा प्रयोग गन पाइनेछैन।

## परिच्छेद-५

## विविध

१४. **व्यवसाय दर्ता गर्नु पर्नेः** (१) व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले अनिवार्य रुपमा गाउँपालिकामा व्यवसाय दर्ता तथा नविकरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यवसायको दर्ता प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले गर्नेछ।

(३) व्यवसाय दर्ता तथा नविकरण शुल्क लगायतका अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

१५. **खारेजी र वचाउः** (१) यस गाउँपालिका भित्र यस अघि गठन भएका बजार व्यवस्थापन समितिहरु यो कार्यविधि स्वीकृत भएपछि स्वतः खारेज भएको मानिनेछ।

(२) यो कार्यविधि लागू हुनु अघि गाउँपालिकामा दर्ता भइ सञ्चालनमा रहेको व्यवसाय यसै कार्यविधि वमोजिम दर्ता भए सरह मान्य हुनेछ।

१६. **संशोधनः** कार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ।

आज्ञाले,

विनोद पोखरेल

प्रमुख प्रशासकीय अधिकृत